जि.प्र.का.सिरहा द.नं. ८७-०७०/७१

तराई मधेशको लोकप्रिय पत्रिका

# मार्गानुगामी

राष्ट्रिय दैनिक

MARGANUGAMI NATIONAL DAILY

कुनै पनि विचार, समाचार र विज्ञापन प्रकाशन गर्नु परेमा हामीलाई सम्झनुहोस्। हामी तपाईंलाई उचित स्थान दिनेछौं। साथै राष्ट्रिय तथा स्थानीय पत्रपत्रिकामा कुनै पनि विज्ञापन प्रकाशन गर्न चाहनु हुन्छ भने सम्पर्क गर्नुहोला।

**मार्गानुगामी राष्ट्रिय दैनिकको कार्यालय**
गोलबजार नगरपालिका-६, सिरहा
फोन नं.: ०३३-५४०३५६
मो. नं. ९८५२८३२६३४, ९८०१५००३५६
इमेल : mgnd2070@gmail.com

बर्षः १२, अंकः २९५ पृष्ठः ४ | २०८२ चैत्र ०५ बिहीबार (Thursday 19 March 2026) | मूल्य रु. ५।- | इमेल : mgnd2070@gmail.com

## सिरहा गोलबजारस्थित दुई घरमा चोरी



सिरहा, ४ चैत्र। सिरहाको गोलबजार नगरपालिका वडा–८ पुरानो चौक चोहर्वामा दुई जनाको घरमा चोरी भएको छ। प्रहरीका अनुसार गोलबजार नगरपालिका वडा–९ डन्डा टोलका शिवकुमार महतो र अशोक सिंह (शक्ति) को घरमा गए राति चोरी भएको छ। दुई घरमा गरी करिब २० लाख रुपैयाँ बराबरको चोरी भएको अनुमान गरिएको छ।

सिंह हाल वडा–८ पुरानो चौक चोहर्वामा घर निर्माण गरी फेन्सी पसल सञ्चालन गर्दै आएका थिए। तर, व्यवसाय राम्रो नचल्दा उनले करिब ६ महिनादेखि पसल बन्द गरी गाउँमै बसोबास गर्दै आएका थिए। गाउँमै खेतिपातीमा व्यस्त भएका उनी समय–समयमा बजारको घरमा आएर रेखदेख गर्ने गर्थे। हिजो साँझ पनि उनले घरमा बत्ती बालेर गाउँ फर्किएका थिए। दिउँसो करिब ३ बजे घरमा आउँदा ढोका खोलेपछि दराज खुला अवस्थामा देखिएपछि घरमा चोरी भएको थाहा पाएको उनले जानकारी दिए।

उनका अनुसार चोरी गए राति भएको हुन सक्ने अनुमान गरिएको छ। अशोक सिंहको घरबाट करिब साढे चार तोला सुन, ४५ तोला चाँदी, ३५ हजार भारतीय रुपैयाँ (करिब ५५ हजार नेपाली रुपैयाँ) लुटिएको छ। त्यस्तै, शिवकुमार महतोको घरबाट पनि नगद तथा अन्य सामान लुटिएको छ।

दुवै जनाको घरमा केही दिनदेखि कोही नभएको मौका छोपेर चोरी भएको पाइएको प्रहरीको भनाइ छ। प्रहरीका अनुसार दुवै घरमा छतबाट मानिस पसेर चोरी गरेको हुन सक्ने प्रारम्भिक अनुसन्धानले देखाएको छ। इलाका प्रहरी कार्यालय गोलबजारका प्रहरी निरीक्षक सुदन केसिले घटनास्थलमा प्रहरी टोली पुगेको र घटनाबारे अनुसन्धान भइरहेको जानकारी दिए।

## अपराध नियन्त्रणमा सिरहा प्रहरी सक्रिय, तर दुर्घटनाले थप्यो चुनौती




सिरहा, ४ चैत्र। जिल्ला प्रहरी कार्यालय सिरहाले फागुन महिनाभर अपराध नियन्त्रण, शान्ति सुरक्षा र सेवा प्रवाहमा उल्लेखनीय सक्रियता देखाएको जनाएको छ। प्रहरीद्वारा सार्वजनिक प्रेस विज्ञप्तिअनुसार उक्त अवधिमा विभिन्न क्षेत्रमा कार्यसम्पादन प्रभावकारी देखिएको छ। फागुन महिनामा कुल ७४ वटा विभिन्न प्रकृतिका अपराधसम्बन्धी मुद्दा दर्ता भएका छन्। ज्यानसम्बन्धी, चोरी, सवारी, आर्थिक तथा सामाजिक अपराधका घटनामा वृद्धि भए पनि तिनको अनुसन्धान तथा नियन्त्रणमा प्रहरीले

**–बाँकी तीन पेजमा**

## सिरहाबाट एसईईमा ११ हजार बढी विद्यार्थी सहभागी हुँदै

सिरहा, ४ चैत्र। सिरहाबाट यो वर्षको माध्यमिक शिक्षा परीक्षा ( एसईई)मा ११ हजार ३७ विद्यार्थी सहभागी हुँदै छन्। परीक्षामा साधारणधारतर्फ १० हजार ६२५ र प्राविधिक धारतर्फका ४१२ जना विद्यार्थी परीक्षा सहभागी हुन लागेको हो। परीक्षामा साधारणतर्फको नियमित ९ हजार ८१२, ग्रेड वृद्धिका लागि ८१३ तथा प्राविधिक धारतर्फका नियमित ३६५ र ग्रेड वृद्धिका लागि ४७ छात्र–छात्रा परीक्षामा सहभागी हुने शिक्षा विकास तथा समन्वय इकाई सिरहाका प्रमुख दिपकराज कनौलिले जानकारी दिए।

परीक्षामा सहभागी विद्यार्थीमध्ये ५ हजार ३०८ छात्रा र ५ हजार ७२९ छात्र रहेका छन्। परीक्षा सञ्चालनका लागि ५१ वटा परीक्षा

**–बाँकी तीन पेजमा**

## अन्तरजातीय विवाह गरेकी युवती मृत फेला, श्रीमान् पक्राउ

अहिले विभाको शरीरमा नीलडाम देखिएको भन्दै माइती पक्षले हत्या गरिएको दाबी गरेको छ।

जनकपुरधाम, ४ चैत्र। धनुषामा अन्तरजातीय विवाह गरेकी एक युवती मृत भेटिएकी छन्। माइती पक्षले छोरीको हत्या भएको आरोप लगाएको छ। धनुषाको गणेशमान चारनाथ नगरपालिका–४ का मुकेश धनखोटी यादवकी श्रीमती २५ वर्षीया विभाकुमारी महतो मंगलबार दिउँसो घरमा झुन्डिएको अवस्थामा फेला परेकी थिइन्। मुकेश र विभाले ५ वर्षअघि भागी विवाह



गरेका थिए।

विवाहको लामो समय हुँदा दुवैका सन्तान नभएको र त्यही प्रसंगमा बहिनीमाथि शारीरिक तथा मानसिक यातना दिने गरेको मृतक विभाका दाजु मनिषकुमार महतोको आरोप छ। अहिले विभाको शरीरमा नीलडाम देखिएको भन्दै माइती पक्षले हत्या गरिएको दाबी गरेको छ। विभाका दाजु मनिषले उनका पति मुकेशविरुद्ध आत्महत्या दुरुत्साहनमा प्रहरीसमक्ष जाहेरी

**–बाँकी तीन पेजमा**




GUPTA BROTHER'S AUTO TRADE
Mirchaiya, 033-550744 | 9801552812

**क्षयरोगबाट बचौं र बचाऔं।**

- खोक्दा र हाछ्यूँ गर्दा मुख छोप्ने तथा मास्क प्रयोग गर्ने बानी बसालौं,
- दुई हप्ताभन्दा बढी खोकी लागेमा तुरुन्त स्वास्थ्य संस्थामा जाँच गराऔं,
- क्षयरोग लागेमा निःशुल्क परीक्षण र उपचार सेवा प्राप्त गरौं,
- नियमित औषधि सेवनले क्षयरोग निको हुन्छ, चिकित्सकको सल्लाहअनुसार औषधि सेवन गरौं,
- क्षयरोग लागेको विरामीको सम्पर्कमा रहँदा सतर्क बनौं,
- विरामीलाई भेदभाव नगरौं, साथ र सहयोग दिऔं,
- क्षयरोग लागेको विरामीलाई पोषणयुक्त खाना र सरसफाइमा ध्यान दिऔं,

**"क्षयरोग निको हुन्छ" भन्ने सन्देश फैलाऔं**

नेपाल सरकार
**विज्ञापन बोर्ड**

# सम्पादकीय

## महिलाको निःशुल्क क्यान्सर परीक्षणको पहल

काठमाडौं महानगरपालिका वीर अस्पतालसँग मिलेर स्तन तथा पाठेघरको मुखको क्यान्सरको निःशुल्क परीक्षण तथा प्रारम्भिक उपचार सेवाका लागि सम्झौता गरेको छ। स्थानीय सरकार जनस्वास्थ्यको गम्भीर समस्या समाधान गर्न अग्रसर हुनु स्वागतयोग्य हो। यसबाट उपचारका निम्ति प्रायः निकै ढिलो प्रयास गर्ने नेपाली समाजमा सकारात्मक हस्तक्षेप हुनसक्छ।

नेपालमा क्यान्सरको उपचार उपलब्ध भए पनि जनस्वास्थ्य चेतना र अर्थिक कारणसमेतले प्रायः पछिल्लो चरणमा मात्र परीक्षण गराउने प्रवृत्ति भएकाले निःशुल्क परीक्षणको यस पहलबाट महत्त्वपूर्ण योगदान हुनसक्छ। महिलाको स्वास्थ्यलाई यसरी प्राथमिकता दिइनु आफैँमा सकारात्मक हो। विशेषतः कामकाजी महिला र गृहिणीलाई लक्षित गरी परीक्षण तालिका मिलाउने निर्देशनले सेवामा पहुँच बढाउन पक्कै सहयोग पुग्नेछ। महिलाले आफ्नै स्वास्थ्यलाई कम महत्त्व दिने प्रवृत्ति रहेको नेपाली समाजमा यस्तो सुविधाले धारणामै परिवर्तन गर्नसक्छ।

क्लिनिकल जाँच, शंका लागेमा अल्ट्रासाउन्ड, आवश्यकताअनुसार मेमोग्राफी परीक्षणको चरणबद्ध प्रक्रिया अपनाइँदा स्रोतको प्रभावकारी उपयोग हुने आशा पनि जगाएको छ। त्यस्तै, अन्तर्राष्ट्रिय अभ्यासअनुरूपको उन्नत प्रविधि एचपीभी डीएनए पीसीआर परीक्षणमार्फत पाठेघरको मुखको क्यान्सर पहिचान गर्ने प्रयास यसको अर्को विशेषता देखिन्छ। यसले प्रारम्भिक पहिचानको सम्भावना बढाउने हुनाले उपचारको सफलता दर पनि उल्लेखनीयरूपमा बढाउनेछ।

अर्कातिर यसको सफलतामा चुनौतीहरू पनि उत्तिकै छन्। निःशुल्क सेवा घोषणा गर्नुमात्र पर्याप्त हुँदैन। सेवाको निरन्तरता, उपकरणको उपलब्धता, जनशक्तिको दक्षता र परीक्षणपछि आवश्यक रेफरल प्रणालीको प्रभावकारिता पनि अपरिहार्य हुन्छ। विगतमा यस्ता कार्यक्रमहरू आरम्भ त भएका तर कार्यान्वयनका चरण प्रभावहीन भएका वा दिगो नभएका उदाहरण प्रशस्त छन्।

यस्ता कार्यक्रमको सफलताका लागि जनचेतना अर्को निर्णायक पक्ष हो। क्यान्सरसम्बन्धी सामाजिक वर्जना, डर र निकै हुँदैन भन्ने गलत धारणाले महिलाहरू परीक्षण गराउने हिचकिचाउने गर्छन्। त्यसैले सेवा उपलब्ध गराएर मात्र पुग्दैन समुदायस्तरमा चेतना जागरण र जानकारीको प्रसार सँगसँगै अघि लैजानुपर्छ।

यस कार्यक्रमको प्रभावकारिता मापन गर्न स्पष्ट सूचक र पारदर्शी रिपोर्टिङ आवश्यक हुन्छ। कति महिलाले परीक्षण गराए, कति केस प्रारम्भिक चरणमै भेटिए र उपचारसम्म तिनको पहुँच कस्तो रह्यो भन्नेजस्ता तथ्यले कार्यक्रमको वास्तविक सफलता निर्धारण गर्नेछन्। परीक्षणका क्रममा क्यान्सरका लक्षण देखिएमा उपचारका लागि आवश्यक सहयोग र परामर्श पनि उपलब्ध हुने उपाय पनि खोजिनुपर्छ।

यो पहल स्थानीय तहले स्वास्थ्य क्षेत्रमा लिनसक्ने सक्रिय भूमिकाको पनि उदाहरण बन्न सक्छ। विशेषगरी साधनसम्पन्न पालिकाहरूले यस्ता प्रयासहरूको अनुसरण गर्नु उचित हुनेछ। यसैगरी विशिष्टीकृत सेवा दिने सामुदायिक र निजी क्षेत्रका स्वास्थ्य संस्थाहरूसँग पनि पालिकाहरूले सहकार्य गरेर स्वास्थ्य सेवा सर्वसुलभ बनाउन सकिने देखिन्छ। यद्यपि, यस्ता पहलको सफलता घोषणामा होइन कार्यान्वयनको निरन्तरता, गुणस्तर र जनविश्वासमा निर्भर रहनेछ।

# गगनको विकल्प गगन !



बलदेव तामाङ

नेपाली कांग्रेसमा व्यापक सुधारको एजेन्डा अगाडि सारेर भएको विशेष महाधिवेशनले चयन गरेको नेतृत्वले प्रतिनिधि सभा निर्वाचनमा नराम्रो हार बेहोर्नुपर्‍यो। यस्तै अप्ठेरो कुरिबसेको पूर्वसंस्थापन पक्षले अहिले पार्टी सभापति गगनकुमार थापाको राजीनामा माग गरेको सुनिन थालेको छ। पार्टीको हारमा उनले नैतिक जिम्मेवारी त पक्कै लिनुपर्छ। लिन्छन् पनि होला। तर के गगन थापाको राजीनामा आजको समस्याको समाधान हो ? के पार्टी हारको कारक सभापति गगनमात्रै हुन् त ?

नागरिकले मतद्वारा व्यक्त गरेका असन्तुष्टि के गगन सभापति भएको एक महिनामै सिर्जना भएको हो ? वा पहिलेका जम्मा हुँदैआएको विकृति, विसंगति र कुशासनको परिणाम हो ? त्यो बुझ्नु जरुरी छ। पूर्वाग्रही नजरले यो परिस्थिति कसरी र कस्का कारण भएको हो भनेर छुट्याउन भने गाह्रै पर्छ। जेन-जी आन्दोलन, त्यसपछि भएको निर्वाचन परिणाम वर्षौंदेखि व्याप्त अलोकतान्त्रिक चरित्र, भ्रष्टाचार, बेथिति र नेतृत्वमा योँसिने प्रवृत्तिका कारण सिर्जित हो। विसं २०४६ पछि सत्तामा पुगेका नेता मन्त्रीहरूको सम्पत्ति छानबिन गर्ने हो भने अधिकांश जेल जाने अवस्था छ। तर, निष्पक्ष छानबिन र कारबाही भएको छैन। सानाभन्दा साना कामकाजमा ढिलासुस्ती एवं झन्झटिलो प्रक्रियाले नागरिक आजित थिए। न्याय, सुरक्षा, स्वास्थ्य, शिक्षा, रोजगारी, अवसर र राजनीति सबै क्षेत्रमा सुशासन अत्यन्तै कमजोर थियो। नातावाद, कृपावाद, भ्रष्टाचार र बेथितिले सीमा नाघेको थियो। नेताहरूको कुर्सीका लागि आफ्नो पार्टीको मूल्य, मान्यता र सिद्धान्त सबै त्यागी चुनावमै गठबन्धन गरी आलोपालो सत्तामा पुगिरहने, एक वर्ष पनि सरकार नटिकाउने खेलले गर्दा नागरिक आजित थिए।

एकै व्यक्ति पाँच छपटक प्रधानमन्त्री भइरहने, उन्नाइसौँपटक मन्त्री हुनुपर्ने, जीवनभर चुनाव लड्नुपर्ने र कुनै कुनै पार्टीमा त पार्टी स्थापना भएदेखि हालसम्म एकै व्यक्ति नेतृत्वमा रहिरहने प्रवृत्ति के लोकतन्त्रप्रति गरिएको भद्दा मजाक होइन र ? भनिन्छ, लोकतन्त्रमा 'रेफ्री' चाहिँदैन। किनभने सबैजना नियम र विधिको शासनको पालना गर्छन्। तर यहाँ त गल्ती भयो भनेर रातो कार्ड देखाउँदै रेफ्रीले सिट्ठी फुके पनि जबर्जस्ती पोस्टमा बल छिराउने काम हुँदै आएको छ। यसप्रतिको निराशा र आक्रोश हो अहिलेको अवस्था।

**दलहरूका योगदान र कमजोरी**

नेपाली कांग्रेस, एमालेलगायतका दलहरू परिवर्तन र लोकतन्त्रका वाहक हुन्। अन्य धेरै विषयमा पनि यिनको महत्त्वपूर्ण योगदान छ। तर, सुशासन कायम गर्न चुकेकै हुन्। रोजगारी सिर्जना, देश विकास र नागरिकको अवस्था सुधार गर्न नसकेकै हो। यसको मतलब सबै नेतृत्व र सबै दल समस्या नै समस्याको अखडा थिए भन्ने पनि होइन। तिनै दलहरूमा गगन थापा, विश्वप्रशमा शर्मा, प्रदीप पौडेलजस्ता समाधान पनि थिए।

बेथिति, भ्रष्टाचार र अलोकतान्त्रिक चरित्रविरुद्ध सतीसालझैं यिनै गगन, विश्व, प्रदीपहरू उभिँदै आएका हुन्। राजा निरंकुश बन्दै जान थालेपछि पार्टीभित्रै विद्रोह गरी राजद्रोहको मुद्दा खेप्न र जेल जान तयार भई गणतन्त्रको नारा लगाएकै हुन्। जनआन्दोलन ०६२/६३ को मैदानका नेतृत्वकर्ता उनीहरू नै थिए। तत्कालीन माओवादीको वाईसीएलको ज्यादतीविरुद्ध बोल्ने, अख्तियारका नाममा लोकमानसिंह कार्कीका आतंकविरुद्ध बोल्ने, तत्कालीन दुई तिहाइ नेकपा (एमाले-माओवादी) को असंवैधानिक कदमको विरुद्ध बोल्ने, ठूलाठूला घोटाला, भ्रष्टाचार काण्ड, कोरोनाकालमा नागरिकप्रति सरकारको बेवास्ता विरुद्ध, नागरिकको जनजीविकाबारे र सुशासनको बारे सडक एवं सदनमा बोल्ने उनै गगन थिए।

यतिमात्र होइन थोरै समय स्वास्थ्यमन्त्री हुँदा स्वास्थ्य क्षेत्रमा उनले गरेका नीतिगत सुधार र नागरिक केन्द्रित कार्यक्रमले नागरिक र पार्टी सदस्यहरूलाई पूर्ण निराशा हुनबाट बचाएको, गगनले ठाउँमा पुगे गर्छ, गर्न सक्छ भन्ने आशा जागृत गराएकै हो।

**कांग्रेस रूपान्तरणमा गगनको भूमिका**

गगन थापाहरूले पार्टीहरू रूपान्तरण हुनुपर्ने आवाज उठाउँदै संघर्ष गर्दै आएका हुन्। तर, पुराना नेतृत्व रूपान्तरण हुन चाहेनन्। अनि उनले समयसापेक्ष पार्टीमा नीति र नेतृत्व रूपान्तरणका लागि वैधानिक हस्तक्षेप गर्ने आँट गरे। गगन थापाहरूले गरेको वैधानिक हस्तक्षेपले कांग्रेसमा नीति र नेतृत्वमा रूपान्तरण भयो जसको कारण पार्टीमा नागरिक र युवा पुस्ताको आकर्षण बढ्न थाल्यो। निर्वाचनमा पार्टीको पक्षमा नागरिकमाझ मत माग्न जाँदा निर्धक्कका साथ 'बदलियो कांग्रेस, बदल्छ देश' भन्न सकियो।

पुरानै कांग्रेस बोकेर चुनावमा गएको भए नागरिकमाझ मत माग्ने हैसियत हुन्थ्यो त कांग्रेसजनमा ? कहिल्यै नबदलिने कांग्रेसलाई किन मत दिने भन्ने प्रश्न गर्दा नाजवाफ हुन्थेनन् ?

**हारको कारण गगनमात्र होइन**

गगन थापा नेतृत्वको बदलिएको कांग्रेसले भ्रष्टाचारमा मुछिएकालाई टिकट दिएन। दुई तिहाइभन्दा बढी उम्मेदवार नयाँ थिए। यसैगरी युवा पुस्तालाई उमेदवार बनायो। यति हुँदाहुँदै पनि नागरिकले विगतको कुशासन सम्झे, भाद्र २३ को नरसंहार सम्झे। अनि नागरिकले मत बदले। यो हार गगनको कारण होइन। गगन सभापति भएको भर्खरै त हो नि।

सत्तरीभन्दा बढी ठाउँहरूमा कांग्रेस निकटतम प्रतिद्वन्द्वी भएको छ। कति ठाउँमा त पाँच मतले हारेका छन्। अब गगन थापाले विद्यार्थी राजनीतिदेखि पार्टी प्रमुखसम्म हुँदै गर्दा गलतविरुद्ध विद्रोह गर्दै आए। सुशासनको पक्षमा, पार्टी सुदृढीकरण र रूपान्तरणको पक्षमा लड्दै आए। नेताको अर्को नाम भ्रष्टाचारी भन्ने भाष्य बन्दै गएको हाम्रो समाजमा नेता पारदर्शी पनि हुन्छ, दागविहीन पनि हुन्छ, खुल्ला किताबजस्तो पनि हुन्छ भन्ने उदाहरण गगनले बनाएका छन्।

पार्टीको सुधार र सुदृढीकरण यसरी गर्छु, देश विकासका लागि नीतिगत सुधार यहाँ यहाँ गर्छु र समुन्नत नेपाल निर्माण यसरी गर्छु भनी मार्गचित्र बोकेर हिँडेको छ। अग्रज र विगतलाई सम्मान एवं आत्मसात गर्दै नयाँ पुस्ता र नयाँ युग सुहाउँदो भिजन भएको नेता गगन थापाबाहेक कांग्रेस त के अन्य पार्टीमा पनि देखिएको छैन। सुदृढ नेपाली कांग्रेसको खाका गगनहरूसँग छ। समुन्नत नेपाल निर्माणको खाका गगनहरूसँग छ। त्यसैले वर्तमान समयमा गगनको विकल्प गगनबाहेक अरू हुनसक्दैन। साथै गगनहरू पनि अझै परिमार्जित र रूपान्तित हुन भने जरुरी छ। बाह्रखरीबाट

# मधेसमा भयावह बन्दै बलात्कारका घटना, एकै वर्ष १०१ बालिका र ११९ महिला पीडित

सुभाष कर्ण



जनकपुरधाम, ४ चैत्र। मधेश प्रदेशमा बलात्कार तथा जबरजस्तीकरणी भयावह बन्दै गएको देखिएको छ। एक वर्षकै अवधिमा २ सय २० बलात्कारको घटना भएको छ। अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) ले जारी गरेको नेपाल मानवअधिकार वर्ष पुस्तक २०२६ को तथ्याङ्क अनुसार वर्ष २०२५ अर्थात २०८१ पुस १७ देखि २०८२ पुस १६ सम्मको अवधिमा २ सय २० वटा बलात्कारको घटना भएको छ।

पुस्तकमा उल्लिखित तथ्याङ्क अनुसार यसबाट सबभन्दा धेरै बालिका प्रभावित भएका छन्। घट्नामा १ सय १ जना १८ वर्षमुनि उमेर समूहका बालिका बलत्कारको शिकार भएकी छिन्। १८ वर्षमाथिका १ सय १९ जना महिला बलात्कृत भएकी छिन्। तथ्यांक अनुसार बलत्कारको सबभन्दा बढी घटना धनुषा जिल्लामा भएको देखिन्छ। यहाँ एक वर्षमै १२ बालिका र ५८ महिला बलात्कार शिकार भएका छन्। सबभन्दा कम घटना सप्तरी जिल्लामा भएको देखिन्छ। यहाँ बलात्कारका ८ वटा घटना भएका छन्। तर सप्तरीमा एक जना बालिका सामूहिक बलात्कारमा समेत परेको तथ्याङ्कमा उल्लेख छ।

त्यस्तै सिरहामा ३ बालिका सामूहिक बलात्कारबाट पीडित भएका छन्। सिराहमा एक जनाको बलत्कारपछि हत्यासमेत भएको विवरण देखिन्छ। अन्य १२ वटा घट्नामा बालिका र १६ वटा घटनामा महिला पीडित बनेका छन्। महोत्तरीमा १५ बालिका र

-बाँकी तीन पेजमा

# एक करोड फिरौती माग्ने अभियुक्त जेल चलान

धीरेन्द्रप्रसाद साह

राजविराज, ४ चैत्र। सप्तरी जिल्लामा सात वर्षीया बालिकाको अपहरण गरेर फिरौती मागेको अभियुक्तलाई पुर्पक्षका लागि कारागार पठाइएको छ। सप्तरी जिल्ला अदालतको आदेशपछि अभियुक्तलाई पुर्पक्षका लागि सप्तरी कारागार राजविराज पठाइएको हो। जिल्ला प्रहरी कार्यालय सप्तरीका अनुसार जिल्लाको खडक नगरपालिका-८, बिसनपुरमा डेरा गरी बस्ने इमरान खानकी छोरी आसु खातुन (नेहा खातुन)लाई गत फागुन ५ गते बेलुका करिब ७ बजे सोही नगरपालिका-९, सर्पा टोलका ३० वर्षीय इम्तियाज अहमदले मोटरसाइकलमा राखी अपहरण गरेका थिए।

घटनापछि इलाका प्रहरी कार्यालय कल्याणपुर र जिल्ला प्रहरी कार्यालय सप्तरीबाट खटिएको संयुक्त टोलीले बालिकाको खोजतलास सुरु गरिएको थियो। प्रहरी टोलीले प्राविधिक तथा म्यानुअल दुवै माध्यमबाट अनुसन्धान अगाडि बढाइरहेको

-बाँकी अन्तिम पेजमा

# सार्वजनिक सुनवाई कार्यक्रम सम्बन्धी सूचना

**प्रकाशित मिति :२०८२/१२/०५ गते**

मधेश प्रदेश सिरहा जिल्लाको गोलबजार नगरपालिका वडा नं. १ स्थित निजी जग्गाबाट वातावरण मैत्री तरिकाले माटो, ग्राभेल, बालुवा, ढुङ्गा तथा गिट्टी उत्खनन् तथा संकलन कार्यका लागी प्रारम्भिक वातावरणीय परिक्षण सम्बन्धी सार्वजनिक सुनवाई कार्यक्रम आयोजना गरिएको छ।

| | | |
|---|---|---|
| प्रस्तावकको नाम र ठेगाना | तिरुपति कन्स्ट्रक्सन प्रा. लि.<br>धनगढीमाई नगरपालिका वडा नं. ७ ,सिराहा<br>मधेश प्रदेश, नेपाल<br>फोन नं. ९८५२८३०९३४ | |
| प्रस्तावको ब्योहरा | मधेश प्रदेश सिरहा जिल्लाको गोलबजार नगरपालिका वडा नं. १ स्थित निजी जग्गाबाट वातावरण मैत्री तरिकाले माटो, ग्राभेल, बालुवा, ढुङ्गा तथा गिट्टी उत्खनन् तथा संकलन कार्य (साविक गा. वि. स. मुक्सार वडा न २ क कित्ता नं.७४९ )<br>कुल क्षेत्रफल: ०-९-९ | |
| प्रभाव पर्न सक्ने जिल्ला, गा. पा. /न.पा., वडा | गोलबजार नगरपालिका वडा नं. १ | |
| सार्वजनिक सुनवाई हुने स्थान र मिति | स्थान : गोलबजार नगरपालिका वडा नं. १ (वडा कार्यालयको प्रांगणमा ) | मिति : २०८२/१२/१२<br>समय : दिनको ११:०० बजे |

माथि उल्लेखित प्रस्तावको प्रारम्भिक वातावरणीय परिक्षण सम्बन्धी प्रतिवेदन तयारी गर्ने क्रममा सो क्षेत्रहरुको भौतिक तथा रसायनिक प्रणाली, जैविक प्रणाली, सामाजिक प्रणाली, सांस्कृतिक प्रणाली र आर्थिक प्रणाली बीच के कस्तो प्रभाव पर्दछ भनी यकिन गर्न सो स्थानका न.पा./गा.पा. तथा त्यस क्षेत्रका विद्यालय ,अस्पताल .स्वास्थ्य चौकी ,सामुदायिक वन र सरोकारवाला व्यक्ति वा संस्थाको लिखित राय सुझाव लिन आवश्यक भएकोले यो सार्वजनिक सूचना प्रकाशन भएको मितिले ७ (सात ) दिन भित्र निम्न ठेगानामा आईपुग्ने गरी लिखित राय सुझाव उपलब्ध गराई दिनु हुन अनुरोध गरिन्छ।

**राय सुझावको लागि पत्राचार गर्ने ठेगाना :**

| | |
|---|---|
| प्रस्तावकको नाम र ठेगाना | तिरुपति कन्स्ट्रक्सन प्रा. लि.<br>धनगढीमाई नगरपालिका वडा नं. ७ ,सिराहा<br>मधेश प्रदेश, नेपाल<br>फोन नं. ९८५२८३०९३४ |
| परामर्शदाताको नाम र ठेगाना | अन्नपुर्ण कुन्ज इन्जिन्यरिंग कन्सल्टेन्सी प्रा. लि.<br>सिराहा-१० ,सिराहा<br>फोन नं. ९८४२८२७१८८<br>इमेल: akec2079@gmail.com |

# डढेलो नियन्त्रणको लागि सचेतना र्‍याली




**प्रवीण कुमार शर्मा**

रौतहट, ४ चैत्र। वन डढेलो नियन्त्रणको डिभिजन वन कार्यालय रौतहटले सचेतना अभियान सञ्चलान गरेको छ। अभियान अन्तर्गत बुधबार कार्यालयले चन्द्रनिगाहपुरमा सचेतना र्‍याली निकालेको हो। सामुदायिक वन उपभोक्ता महासंघ रौतहटको सहकार्यमा निकालिएको सचेतनामूलक र्‍याली पश्चात कोणसभा आयोजना गरी सर्वसाधारणलाई डढेलो नियन्त्रणबारे जानकारी गराइएको डिभिजन वन कार्यालय रौतहटका प्रमुख हेमन्त प्रसाद साहले बताउनुभयो।

बजार क्षेत्रमा निकालिएको र्‍यालीमा सुरक्षा निकाय, सञ्चारकर्मी, नागरिक समाज, वन उपभोक्ता तथा विभिन्न संघ-संस्थाका प्रतिनिधिहरूको सहभागिता रहेको थियो। र्‍यालीले नगरका विभिन्न भाग परिक्रमा गर्दै डढेलो नियन्त्रणसम्बन्धी सन्देश प्रवाह गरेको डिभिजन वन कार्यालय रौतहटका रेञ्जर लक्ष्मी कर्णले जानकारी दिनुभयो। प्रत्येक वर्ष चैत १ देखि ७ गतेसम्म वन डढेलो व्यवस्थापन सप्ताह मनाइँदै आएकोमा यस वर्ष 'वन डढेलो नियन्त्रणमा प्रभावकारिता: तीनै तहका सरकार र समुदायको सहभागिता' नाराका साथ चैत १ गतेदेखि 'वन डढेलो व्यवस्थापन सप्ताह' शुरु भएको रेञ्जर कर्णले जानकारी दिनुभयो।

सुक्खायाममा मानवीय कारणबाट हुने डढेलो रोक्न सचेतना अभियान तथा जनचेतनामुलक र्‍याली आयोजना गरि जनतालाई सुसुचित गराउने कार्य गरिएको उहाँले बताउनुभयो। वनमा डढेलो

-बाँकी अन्तिम पेजमा

## मधेसमा भयावह...

१६ महिला गरी ३१, सर्लाहीमा २४ बालिका र ७ महिला ३१, रौतहटमा ३ बालिका र ६ महिला ९, बारामा ९ बालिका र ७ महिला गरी १६ तथा पर्सामा १५ बालिका र ९ महिला गरी २४ वटा बलात्कारका घटना भएको छन्। मधेश प्रदेशका ८ जिल्ला मध्ये सबभन्दा बढि सर्लाहीमा २४ वटा बलत्कारको घटनाबाट बालिका पीडित भएका छन्।

प्रहरीको रेकर्ड अनुसार २ सय २० वटा बलात्कार घटना मध्ये १ सय १ वटा कानूनी दायरामा ल्याइएको छ भने १ सय १९ वटामा अनुसन्धान जारी रहेको वर्ष पुस्तकमा उल्लेख छ। पुस्तक अनुसार बालिकासँग सम्बन्धित ५१ वटा र महिलाका ६८ वटा मुद्दा अहिलेसम्म अनुसन्धानमै रहेको छ। प्रहरीका अनुसार अहिलेसम्म मात्र ११ वटा मुद्दा अनुसन्धान सम्पन्न टुँगिएको छ। यी बाहेक बलात्कार प्रयासको घटना मधेश प्रदेशमा समेत बढेको देखिन्छन्। प्रहरीका अनुसार मधेश प्रयासमा ७७ वटा वर्ष २०२५ मा भएको हो। बलत्कार मध्ये सिरहामा एक जना बालिकाको बलत्कार पछि हत्या गरिएको र पर्सामा दुईजना बालिका हाडनाता करणीको शिकार समेत भएको प्रहरीको तथ्यांकले देखाउँछ।

उल्लेखित यी घटना प्रहरीमा दर्ता भएको घटना मात्र हुन्। अधिकारकर्मीहरूले सामाजिक मान्यता तथा व्यक्तिगत लाजका कारण प्रहरीमा दर्ता नभएका यस्ता थुप्रै घट्ना हुनसक्ने बताउँछन्।

**किन बढदैछ त घटना?**

किन यसरी बलात्कारका घट्ना बढिरहेका छन्? अनुसन्धानकर्ता तथा अभियान्ताहरूका आ-आफ्नै धारणा भए पनि यसमा मुख्य कारक मोबाइलमार्फत संचालन हुने समाजिक सञ्जाल भएको बताएका छन्। इन्सेकका मधेश प्रदेश प्रमुख राजु पासमान भन्छन् ''प्रदेशमा बलात्कार घटना बढ्नुको प्रमुख कारण नै मोबाइल हो। मोबाइलमा समाजिक सञ्जालमार्फत विभिन्न अश्लिल भिडियोहरूमा युवाहरूको पहुँच पुग्ने गरेको छ। यसले गर्दा अधिकांश बलात्कारका घटनामा १५ वर्षदेखि २५—३० वर्ष उमेर समूहका युवाहरु संलग्न रहेको अहिलेसम्मको तथ्यांकले देखाउंछ। यी बाहेक लागू औषध तथा मदिराको प्रयोग लगायतका कारणहरु हुन्।'

मधेश प्रदेश प्रहरी कार्यालयका प्रमुख प्रहरी नायब निरिक्षक ( डिआईजी) गोविन्द थपलिया भने यति मात्र कारण नभएको बताउँछन्। उनी भन्छन ''सबभन्दा प्रमुख कारण उमेर नपुग्दै घरबाट भागेर बिहे गर्ने अनि पछि मन नमिलेपछि वा अभिभावकले स्वीकार नगरेपछि त्यसलाई बलात्कार घटनाको रुपमा दर्ता गराउने प्रचलन मधेशतिर बढी देखिन्छ। वास्तविक बलात्कार नै भएको घटना चाहिं धेरै न्यून रहेको अहिलेसम्मको अनुसन्धानले देखाउँछ।'

यद्यपी चाँडो विहे हुनुको प्रमुख कारण मध्ये एक डिजिटल प्लेटमा युवाहरूको झुकाब बढि हुनु भने उनको पनि स्वीकारोक्ति छ। उनी भन्छन् '' सबै कुराको मूल जडो नै मोबाइल हो। मोबाइलबाट केटाकेटी वा महिला एक अर्कासँग नजिकने, समाजिक सञ्जालमार्फत कुरा गर्ने लगायतले घरबाट भाग्ने, आपसी सहमतिमा संगै बस्ने, पछि अभिभावकले नस्वीकार्ने वा दुवैबीच मन नमिलेपछि समाजबाट बच्न बलात्कारको मुद्दा हाल्ने गरेको बढी देखिन्छ।' लागू औषध र मदिरा सेवनबाट हुने घटना चाहिं वास्तविक बलात्कारको घटना रहेको अनुसन्धानमा देखिने उनले बताए।

**रोकथामका लागि सचेतना आवश्यक**

घटना नियन्त्रणका लागि कडा कानूनी कारवाहीभन्दा बढी सचेतना आवश्यक रहेको सरोकारवाला निकायको बुझाइ छ। कारवाही गर्दा सजाय दिन सकिए पनि कसैको मन परिवर्तन गर्न नसकिने भन्दै उनीहरू यसको रोकथामका लागि मानिसहरूको मन नै परिवर्तन हुनुपर्ने बताउँछन्। डिआईजी थपलिया यसका बारेमा प्रहरीले विभिन्न सचेतनामूलक कार्यक्रम समय समयमा संचालन गर्दै आएको पनि बताउँछन्। तर प्रहरीभन्दा बढी समाजिकस्तरमा बढी यसको प्रयास हुनुपर्ने उनको भनाइ छ।

यस्तै महिला मानवअधिकार रक्षक सञ्जालका मधेश प्रदेश अध्यक्ष महिलाअधिकारकर्मी रेखाले झा पनि डिजिटल माध्यम र सामाजिक सञ्जाल जस्ता प्लेटफर्मको गलत र सही प्रयोगबारे युवाहरूमा सचेतना पुऱ्याउन अति जरूरी रहेको बताउँदै यस्ता माध्यमबाट प्रवाहित हुने गलत सूचनाकै कारण विकृति फैलिएको बताउँछन्।

उनी भन्छिन् 'मधेशमा खासगरी स्कूले बालबालिका तथा युवायुवती मोबाइलको माध्यम प्रयोग गरेर नजिकने पछि सम्पर्क बढेपछि आपसी सहमतिमा यौनजन्य क्रियाकलापमा संलग्न हुने वा भागेर बिहे गर्ने र पछि अभिभावकले स्वीकार नगर्दा वा समाजको डरले बलात्कार मुद्दा दर्ता गराउने लगायतका प्रवृति बढी छ। जसको सूक्ष्म अनुसन्धान जरुरी छ।'

यी बाहेक अभिभावक जिम्मेवार नहुनु, बालबालिकालाई बढी स्वतन्त्रता दिनु पनि यसको कारण रहेको सरोकारवालाको भनाइ छ। खासगरी ग्रामीण भेगमा छोरीलाई कुन अवस्थामा घर बाहिर पठाउने बारे अभिभावकले लापरवाही गर्दा छरछिमेकबाट पिडीत हुने लगायतका घटनाहरु पनि छन्। घटना न्यूनिकरणका लागि प्रत्येक विद्यालयमा तथा उच्च शिक्षा अध्यन गर्ने युवाहरूबीच सचेतनाका कार्यक्रमहरु संचालन गर्न आवश्यक रहेको सरोकारवालाको बुझाइ छ। नेपालखवरबाट

## अपराध नियन्त्रणमा...

तीव्रता दिएको जनाएको छ। यस क्रममा २३ जना प्रतिवादी पक्राउ परेका छन्।

जिल्ला प्रहरी कार्यालयका प्रवक्ता डिएसपी रमेश बहादुर पालका अनुसार अदालतका फैसला कार्यान्वयनतर्फ पनि उल्लेखनीय प्रगति भएको छ। फागुन महिनामै १ हजार २१७ मुद्दा कार्यान्वयन गरिएको छ। महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सुरक्षामा पनि प्रहरीको ध्यान केन्द्रित रहेको छ। हराएका ५३ जनामध्ये ९ जना फेला पारिएका छन् भने घरेलु हिंसाका ५४ उजुरीमध्ये १४ वटा मिलापत्रमार्फत समाधान गरिएको छ।

लागुऔषध नियन्त्रण अभियान पनि प्रभावकारी देखिएको छ। यस अवधिमा ८ वटा मुद्दा दर्ता गरी १३ जनालाई पक्राउ गरिएको छ। प्रहरीले ब्राउन सुगर, डाइजेपाम, नाइट्राजेपाम लगायतका लागुऔषध बरामद गरेको जनाएको छ। शान्ति सुरक्षालाई सुदृढ बनाउन फागुन महिनामा ८ हजार ७० पटक गस्ती सञ्चालन गरिएको छ। साथै मेला, पर्व, विरोध प्रदर्शन तथा विशेष परिस्थितिमा समेत सुरक्षा व्यवस्थापन गरिएको उल्लेख छ।

तर सवारी दुर्घटनाको अवस्था भने चिन्ताजनक देखिएको छ। फागुन महिनामा ६९ वटा सवारी दुर्घटना हुँदा ७ जनाको मृत्यु भएको छ भने १०९ जना घाइते भएका छन्। ट्राफिक कारबाहीमार्फत ७ लाख ८२ हजार ५०० रुपैयाँ जरिवाना संकलन गरिएको छ। दुर्घटनाको प्रमुख कारण चालकको लापरवाही रहेको प्रहरीको विश्लेषण छ।

विपद् व्यवस्थापनतर्फ २५ वटा घटना दर्ता भएका छन्। ती घटनामा २ जनाको मृत्यु र ९ जना घाइते भएका छन् भने करिब ३१ लाख ८१ हजार रुपैयाँ बराबरको क्षति भएको अनुमान गरिएको छ। त्यसैगरी, भन्सार छली नियन्त्रणबाट ७४ हजार ६७४ रुपैयाँ बराबरका सामान बरामद गरिएको छ भने प्राकृतिक स्रोत दोहन नियन्त्रणमार्फत १ लाख रुपैयाँ जरिवाना असुल गरिएको छ।

प्रहरीले समुदाय तथा विद्यालय लक्षित सचेतनामूलक कार्यक्रम सञ्चालन गर्दै लागुऔषध दुरुपयोग, घरेलु हिंसा, ट्राफिक नियम पालना तथा आत्महत्या न्यूनीकरणमा जनचेतना अभिवृद्धि गरेको जनाएको छ। फागुन महिनाभर हटलाइन तथा अन्य सम्पर्क नम्बरमा ८ हजार ९ कल प्राप्त भएका छन् भने ७०३ जना सेवाग्राहीले सेवा लिएका छन्। जिल्ला प्रहरी कार्यालय सिरहाले आगामी दिनमा अपराध नियन्त्रण, नागरिक सुरक्षा र सेवा प्रवाहलाई अझ प्रभावकारी बनाउने प्रतिबद्धता व्यक्त गरेको छ।

## अन्तरजातीय...

दिएका छन्।

जाहेरीका आधारमा प्रहरीले पति मुकेशलाई पक्राउ गरेर अनुसन्धान अघि बढाएको छ। धनुषाका प्रहरी प्रवक्ता प्रहरी नायब उपरीक्षक ( डीएसपी) गणेश बमले आत्महत्या दुरुत्साहनमा जाहेरीका आधारमा पति मुकेशलाई पक्राउ गरेर अनुसन्धान अघि बढाएको जानकारी दिए।

## सिरहाबाट एसईईमा...

केन्द्र तोकिएको छ। राष्ट्रिय परीक्षा बोर्डले एसईई परीक्षा यही चैत १९ गतेदेखि २९ गतेसम्म बिहान ८ बजेदेखि ११ बजेसम्म सञ्चालन गर्ने तालिका सार्वजनिक गरिसकेको छ।

छुवाछुत एक सामाजिक अपराध र मानव अधिकारको हनन् हो।

# लहान नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
लहान, सिरहा

**गणक आवश्यक्ता सम्बन्धी सूचना**

**प्रथम पटक प्रकाशित मिति : २०८२-१२-०५**

यस कार्यालयलाई गरिब घर परिवार पहिचान सम्बन्धी तथ्यांक संकलन कार्य संचालन गर्न निम्नानुसारको जनशक्ति आवश्यक परेकोले योग्यता पुगेका स्थानीय नेपाली नागरिकहरुबाट दरखास्त आव्हान गरिन्छ।

| क्र.सं. | पद | पद संख्या | न्यूनतम योग्यता, अनुभव तथा सीप |
|---|---|---|---|
| १ | गणक | १७ (सत्र) | • मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्तिमा १०+२ वा प्रवीणता प्रमाणपत्र तह उत्तीर्ण।<br>• कम्प्यूटर सफ्टवेयर चलाउन जान्ने।<br>• एन्ड्रोइड मोबाईल आफ्नै भएको र मोबाईलमा नेपाली युनिकोडमा टाई गर्न सक्ने।<br>• सम्बन्धित स्थानीय तहमा स्थायी बसोवास भएको।<br>• यस अघि तथ्यांक संकलन कार्यमा संलग्न भएको व्यक्ति प्राथमिकता दिईनेछ।<br>• कुलल सञ्चार सीप भएको। |

१. दरखास्त दिने अन्तिम मितिः भएमा विदाको भोलिपल्ट) २०८२/१२/१९ गते कार्यालय समय भित्र। (सो दिन सर्वजनिक विदा
२. कार्य अवधिः सम्झौता अनुसार।
३. परिक्षाको किसिम प्रयोगात्मक र अन्तरवार्ता।
४. तलव तथा अन्य सुविधाः नियमानुसार।
५. पेश गर्नुपर्ने आवश्यक कागजातहरु नेपाली नागरिकताको प्रमाण–पत्रको प्रतिलिपी, शैक्षिक योग्यता प्रमाण–पत्रको प्रतिलिपी, कार्य अनुभव प्रमाण–पत्रको प्रतिलिपी, पासपोर्ट साईजको दुई प्रति फोटो।
६. दरखास्त फारम यस कार्यालयको रोजगार सेवा केन्द्रबाट प्राप्त गर्न सकिनेछ।
७. सम्पर्क/परिक्षा मितिः पछि प्रकाशन हुने।
८. म्याद नाघी आएका आवेदनहरुलाई छनौट प्रक्रियामा समावेश गरिनेछैन।

**प्रमुख प्रशासकीय अधिकृत**

# मधेस प्रदेशमा अब नपढेकाले पनि लाइसेन्स पाउने : ई–रिक्सा र ट्याक्टर चालकलाई लिखित परीक्षा छुट

धनुषा, ४ चैत्र। मधेस प्रदेश सरकारले ई–रिक्सा, अटो र ट्याक्टर चलाएर जीविकोपार्जन गर्ने विपन्न तथा निरक्षर नागरिकका लागि विशेष सहुलियतको घोषणा गरेको छ। सरकारको सय दिने उपलब्धि सार्वजनिक गर्दै मुख्यमन्त्री कृष्ण यादवले लेखपढ गर्न नसक्ने तर सवारी चलाउन सिपालु रहेका चालकहरूलाई लिखित परीक्षा बिना नै सिधै प्रयोगात्मक (ट्रायल) परीक्षा दिएर लाइसेन्स लिने व्यवस्था मिलाइएको जानकारी दिएका हुन्।

प्रदेशमा ठुलो संख्यामा रहेका गरिब र मजदुर वर्गको रोजगारी नगुमोस् भन्ने उद्देश्यले कानुनी आधार तयार पारेर यो प्रक्रिया अघि बढाइएको हो। मोटरसाइकल जस्ता सवारी साधन व्यक्तिगत सोखका लागि भए पनि ई–रिक्सा र ट्याक्टर विशुद्ध रूपमा पेट पाल्ने माध्यम भएकाले यसलाई प्राथमिकतामा राखिएको सरकारको भनाइ छ।

मुख्यमन्त्री यादवले प्रदेशमा व्याप्त गरिबी र नागरिकको बाध्यतालाई बुझेर यो कदम चालिएको स्पष्ट पारेका छन्। धेरै नागरिकसँग मजदुरी गर्नुको विकल्प नभएको तर निरक्षर भएकै कारण लिखित परीक्षा पास गर्न नसक्दा कानुनी झमेलामा पर्ने गरेको अवस्थालाई सरकारले सम्बोधन गरेको हो।

यो निर्णयले मधेस प्रदेशका हजारौँ विपन्न मजदुरहरूलाई कानुनी रूपमै सवारी चलाएर आफ्नो र परिवारको जीविकोपार्जन गर्ने बाटो खुला गर्ने विश्वास लिइएको छ। सरकारले मजदुरको सीपलाई सम्मान गर्दै उनीहरूको रोजगारी सुनिश्चित गर्न यो व्यावहारिक नीति ल्याएको दाबी गरेको छ।

स्वास्थ्य क्षेत्रमा पनि मधेस प्रदेश सरकारले महत्त्वपूर्ण सुधारको योजना अघि सारेको छ। उपचारका लागि निवेदन दिने तर अनुदान रकम आउँदासम्म बिरामीको मृत्यु भइसक्ने झन्झटिलो र अव्यवहारिक कार्यविधिलाई पूर्ण रूपमा परिवर्तन गर्न लागिएको छ। अब बिरामीलाई सिधै पैसा दिनुको सट्टा सरकारले अस्पतालसँग समन्वय गर्ने र बिरामीले उपचार गराएको अस्पताललाई नै सिधै भुक्तानी गरिदिने व्यवस्था मिलाइनेछ। यसबाट बिरामीले जीवित छँदै उपचार पाउने सुनिश्चितता हुने सरकारको तर्क छ। साथै, स्वास्थ्य सेवालाई प्रविधिमैत्री बनाउन मोबाइलबाटै ई–टिकट काट्न सकिने व्यवस्था र विगत दुई वर्षदेखि रोकिएको औषधि खरिद प्रक्रियालाई पनि पुनः सुरु गरिएको छ। मधेस प्रदेशलाई खेलकुद र धार्मिक पर्यटनको केन्द्र बनाउने उद्देश्यका साथ सरकारले ठुला पूर्वाधार निर्माणका योजनाहरू समेत अघि सारेको छ। प्रदेश सरकारले आफ्नो सय दिने कार्यकालमा जनमैत्री कामहरूलाई प्राथमिकता दिएको दाबी गर्दै आगामी दिनमा यी योजनाहरूलाई द्रुत गतिमा कार्यान्वयन गर्ने प्रतिबद्धता व्यक्त गरेको छ।

## *डढेलो नियन्त्रणको ...*

लाग्न नदिन सबै नागरिकलाई सचेत हुन आग्रह गरिएको छ। स्थानीयवासी, जनप्रतिनिधि लगायत सरोकार पक्षलाई यस अभियानमा जोडिन आग्रह गरिएको डिभिजन वन कार्यालय रौतहटले जनाएको छ।

जिल्लाको अधिकांश सामुदायिक वन डढेलोको उच्च जोखिममा रहेकाले सबैलाई सतर्क र सुरक्षा अपनाउन आग्रह गरिएको उहाँले बताउनुभयो। वनजङ्गलमा सुक्खा मौसमको समयमा लाग्ने आगलागी तथा डढेलोबाट हुन सक्ने नोक्सानी र डढेलो लाग्नै नदिने उपायबारे स्थानीयस्तरमा बृहद सचेतना फैलाउन सव डिभिजन कार्यालयलाइ निर्देशन दिइएको डिभिजन वन कार्यालय रौतहटका प्रमुख साहले बताउनुभयो।

यससँगै ११ सदस्यीय वन डढेलो नियन्त्रण टोलि गठन गरिएको, फायर फाइटर टोलि परिचालन गरिएको उहाँले बताउनुभयो। यस जिल्लाका अधिकांश वन डढेलो उच्च जोखिममा रहेकाले डिभिजन वन कार्यालय रौतहटको समन्वयमा साझेदारी वनले समेत अभियान सञ्चालन गरेको रंगपुर साझेदारी बन उपभोक्ता समुहका अध्यक्ष अशोकप्रसाद यादवले बताउनुभयो।

उहाँका अनुसार घाटगद्दीक्षेत्रको सरसफाइ कार्य गर्दै सम्भावित आगलागि नियन्त्रणका लागि आवश्यक व्यवस्थापन कार्यहरू गरिँदैछ। वन डढेलोबाट हुन सक्ने क्षति न्यूनीकरण गर्न सुख्खा घाँस, पातपतिंगर तथा ज्वलनशील पदार्थहरू हटाई सरसफाइ गर्ने कार्य जारी रहेको अध्यक्ष यादवले बताउनुभयो। रंगपुर साझेदारी वनद्वारा वन संरक्षण तथा डढेलो नियन्त्रणका लागि निरन्तर प्रयास भइरहेको उहाँको भनाइ छ। हाल उक्त साझेदारी बनसँग १५ हजार क्युबिक फीटभन्दा बढी सालको काठ स्टकमा रहेको छ।

आवश्यक काठ लैजान आफ्नो कार्यक्षेत्र भित्रका नागरिकलाई रंगपुर साझेदारी बन उपभोक्ता समितिले अनुरोध गरेको छ। उक्त साझेदारी बनको कार्यक्षेत्रभित्र रौतहटका ४२ वटा वडा पर्दछ।

## *एक करोड ...*

अवस्थामा फागुन ७ गते बिहान करिब ११ बजे अपहरणकारीले बालिकाका बुवालाई फोन गरी एक करोड रुपियाँ नगद र पाँच किलो सुन फिरौती माग गरिएको प्रहरी प्रवक्ता प्रहरी नायब उपरीक्षक डम्बरबहादुर पुरीले जानकारी दिनुभयो।

उहाँका अनुसार फिरौती लिन रूपनी गाउँपालिका–१, खाँडो खोलामा बोलाइएपछि सादा पोशाकमा खटिएको प्रहरी टोलीले सोही दिन साँझ अभियुक्तलाई नियन्त्रणमा लिएको थियो। पक्राउ परेका अहमदलाई थप अनुसन्धान, अपहरण, शरीर बन्धक तथा मानव ओसारपसार सम्बन्धी कसूरमा मुद्दा दर्ता गरिएको उहाँले बताउनुभयो।सप्तरी जिल्ला अदालतले मङ्गलबारको दिएको आदेश अनुसार अभियुक्तलाई मुद्दा पुर्पक्षका लागि कारागार कार्यालय सप्तरी पठाइएको प्रहरी नायब उपरीक्षक पुरीले जानकारी दिनुभयो।

# केरा खेतीको बिमा नहुँदा किसान मारमा



रौतहट, ४। केरा खेतीको बिमा नहुँदा रौतहटका किसान मारमा परेका छन्। जिल्लाका विभिन्न स्थानीय तहमा लगाइएको केरा खेतीमा बिमा नहुँदा यहाँका किसान प्रकृति प्रकोपबाट मारमा परेका हुन्। सोमबार साँझ आएको भीषण हावाहुरीका कारण चन्द्रपुर नगरपालिकामा अत्यधिक क्षति पुगेको छ। विशेष गरी चन्द्रपुर–३ मा लगाइएको करिब रु डेढ करोड बराबरको केरा खेती पूर्ण रूपमा नष्ट हुँदा किसान आर्थिक मारमा परेका छन्।

चन्द्रपुर–१ को पौराई, चन्द्रपुर–२ को जुडिबेला, वार्ड नं ३ को गैडाटार, वार्ड नं ४ को चन्द्रनिगाहपुरलगायत गाउँमा हावाहुरीले केरा खेतीमा पूर्ण रूपमा क्षति पुऱ्याएको छ। चन्द्रपुर–३ को गैँडाटार गाउँ केरा उत्पादनको मुख्य क्षेत्रका रूपमा परिचित छ। यहाँका अधिकांश किसानले व्यावसायिक रूपमा केरा खेती गर्दै आएका छन्।

सोमबार आएको हावाहुरीले हजारौँ बोट केरा ढल्दा वर्षभरिको मेहनत एकैछिनमा नष्ट भएको स्थानीय कृषक दीपक गौतमले बताए। लगानी, श्रम र समय सबै गुम्दा किसान आर्थिक रूपमा धराशायी हुने अवस्थामा पुगेका छन्। केरा खेती गर्ने किसानले बर्सेनि प्राकृतिक विपत्तिको सामना गर्नुपरेको छ। हावाहुरी, रोग र कहिलेकाहीँ जंगली जनावरको आक्रमणले केरा खेती नष्ट हुने गरेको तर बिमा नहुँदा सबै क्षति किसानले बेहोर्नुपरेको गौतम बताउँछन्। यस क्षेत्रमा व्यावसायिक रूपमा केरा खेती गर्ने किसान बढेपछि केरा खेतीको बिमा गर्न पटक पटक चन्द्रपुर नगरपालिकामा आवाज उठाउँदा सुनवाइ नभएको उनले बताए।

बिमाका लागि चन्द्रपुर नगरपालिकाका नगरप्रमुख सञ्जयकुमार काफ्ले तथा विभिन्न बिमा कम्पनीलाई आग्रह गर्दा बेवास्ता गरेको कृषक गौतमको गुनासो छ। उनले करिब ७ बिघा जमिनमा केरा खेती गर्दै आएका छन्। रौतहटमा करिब चार सय बिघाभन्दा बढी जमिनमा केरा खेति भएको र हावाहुरीबाट रु तीन करोडभन्दा बढीको क्षति पुगेको छ।

यस्तै चन्द्रपुर–३ का अर्का किसान रमेश घिमिरेले केरा खेतीको बिमा भएमा किसानको लगानी सुरक्षित हुने बताए। यहाँ बिमा नहुँदा किसान मारमा परेको उनले बताउनुभयो। अहिलेको समयमा हरेक बालीको बिमा अपरिहार्य भएको घिमिरेले बताए। बिमा कम्पनीले जोखिम बढी हुने भन्दै केरा खेतीको बिमा गर्न आनाकानी गर्दै आएको उनको गुनासो छ। यसले हरेक वर्ष प्राकृतिक प्रकोप आउँदा किसान थप समस्यामा पर्ने गरेका छन्।चन्द्रपुर नगरपालिकाका नगरप्रमुख सञ्जयकुमार काफ्लेले कृषकको बाली बिमाका लागि नगरपालिका सबै किसिमको सहयोग गर्न तयार रहेको बताए। बालीका लागी बिमा अति आवश्यक भएकाले बिमाका लागि कुनै पनि किसिमको सहयोग गर्न तयार रहेको उनको भनाइ थियो।

छुवाछुत एक सामाजिक अपराध र मानव अधिकारको हनन् हो। समाजबाट छुवाछुत प्रथा हटाउने दायित्व प्रत्येक नागरिकको हो। छुवाछुतलाई कानूनले दण्डणीय अपराध घोषणा गरेको छ।

मार्गानुगामी राष्ट्रिय दैनिकका लागि **प्रकाशक :** राम बाबु यादव, **सम्पादक** : कमलेश कुमार यादव, **सह-सम्पादक :** सत्य नारायण चौधरी, **कानुनी सल्लाहाकार**: कृष्ण प्रसाद दंगाल **कम्प्यूटर ले-आउट : मार्गानुगामी दैनिक कार्यालय :** गोलबजार न.पा-६ (सिरहा) फोन नं. ०३३५४०३५६, ९८५२८३२६३४ *e-mail :* mgnd2070@gmail.com, website : www.marganugami.com, **मुद्रक :** न्यू यदुवंशी अफसेट प्रेस, लहान, (सिरहा)